# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## रोशी गाउँपालिका
## काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

रोशी गाउँपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

रोशी गाउँपालिका

काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१,जेष्ठ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

बागमती प्रदेश

मितिः२०८१।०२।१४

प.सं. २०८०।८१

च.नं. २१०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू ,

रोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रोशी, काभ्रेपलान्चोक।

१. **कैफियत सहितको राय** — हामीले रोशी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. प्रारम्भिक लेखापरीक्षणबाट रू.२ करोड २६ लाख २६ हजार बेरुजू देखिएकोमा रू.१ करोड ८५ लाख ४९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु.३४ लाख २५ समेत रु.४० लाख ७७ हजार रहेको छ ।रोशी गाउँपालिकाको गतवर्ष सम्म रु.१२ करोड ९९ लाख २६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१३ करोड ४० लाख ०३ हजार रहेको छ

। रोशी पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने रोशी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी रोशी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( शंकर प्रसाद पन्थी )

**नायब महालेखापरीक्षक**

रोशी गाउँपालिका,

काभ्रेपलान्चोक जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५१ | ७२ | २२६२६ | ० | ४७ | १८५४९ | ५१ | २५ | ४०७७ | २१५ | ३४२५ | ४३७ | ० | ० | ४०७७ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलान्चोक | १३२०८३ | ० | २१५७ | १२९९२६ | ० | ४०७७ | १३४००३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | |
| १ | ०७९।०८० | ६ | प्रदेश समपुरक तर्फका तिन आयोजनाको रकम फिर्ता | ४२३८३३४।०० |
| २ | ०७९।०८० | ८ | संघ शसर्त चालुको  अनुदान फिर्ता | १०००००।०० |
| | ०७९।०८० | ८ | प्रदेश विशेष चालुको फिर्ता | ४९७७२०३। |
| ३ | ०७९।०८० | १५ | जय माँ गोल्मादेवी कन्स्ट्रक्सनको धरौटि फिर्ता प्रमाण पेश | ४०८४१।०० |
| | ०७९।०८० | १५ | ड्रिमवे कन्स्ट्रक्सन प्रा लिको धरौटि फिर्ता प्रमाण पेश | १४१२८५।०० |
| ४ | ०७९।०८० | १७ | खरिदको आवश्यकता जिन्सि दाखिला प्रमाण | १४७५९३५।०० |
| ५ | ०७९।०८० | २३ | कर दायित्व दाखिला | ७६३१०।०० |
| ६ | ०७९।०८० | २४ | पेश्की फछ्र्योंट | ६०१४१८६।०० |
| ७ | ०७९।०८० | ४४ | उपभोक्ता समितिलाई भ्याटको असुली | १०२३५।०० |
| ८ | ०७९।०८० | ४८ | इन्धन खपत | ८४०७८।०० |
| ९ | ०७९।०८० | ५४.३ | बढि भुक्तानि दाखिला | ३११८८।०० |
| १० | ०७९।०८० | ५४.५ | खरिद आदेश तथा वितरण भर्पाइ | ८२४५८।०० |
| ११ | ०७९।०८० | ५४.६ | वढि यातायात खर्च दाखिला | ३८०००।०० |
| १२ | ०७९।०८० | ५४.७ | प्रतिवेदन पेश | ६५००००।०० |
| १३ | ०७९।०८० | ५८ | वढि अनुगमन भत्ता दाखिला | २८९००।०० |

| | | | | |
|---|---|---|---|---|
| १४ | ०७९।०८० | ६२ | पाठ्यपुस्तक वढि दाखिला | २७६१४।०० |
| १५ | ०७९।०८० | ६८ | निस्कृय खाताको रकम दाखिला | ५३२६९०।०० |
| | ०७९।०८०को **कुल जम्मा** | | | १८५४९२५७।०० |
| १६ | ०७८।०७९ | ५३ | किसान सुचिकरणको वढि भुक्तानी दाखिला विक्रम केसीवाट रु२०५० सकुन्तला कार्कीवाट २४००( मिति २०८०।११।२३ को निर्णयवाट सं पं) | ४४५०।०० |
| १७ | | ३२ | सि.एड.डि कन्स्ट्रक्सनको कर समायोजन पेश ( मिति २०८१।०१।१८ को निर्णयवाट सं पं) | ४३३४७।०० |
| १८ | | ४३ | छत्रे पिपल प्रा.वि घेरावार शान्ति कु. लामावाट रु६०७५ र महादेवटार सडक सोलिङ खडग वहादुरवाट रु१०८०० दाखिला पेश ( मिति २०८१।०१।३० को निर्णयवाट सं पं) | १६८७५।०० |
| १९ | | ७० | दफा ७० को जिवन परिवर्तन मण्डलीको रु४२५०,महाकाली मन्दिर नि.उ सको रु५१०० र पाँडे खोलामा घाटेपाटी नि.उ.सको रु ११०५ मिति २०८०।१२।२९ को निर्णयवाट सं पं) | १०४५५।०० |
| २० | | ९३ | दफा ९३ को करार कर्मचारीलाई संचयकोष र विमाको सम्पुर्ण दाखिला भएकोले पेश (मिति २०८१।०१।३० को निर्णयवाट सं पं) | ७३२४७५।०० |
| २१ | | ६९ | न्यु वनेपा पाइप लि वाट पाइप खरिदको प्रमाण पेश भएको आधारमा मिति २०८०।०४।३२ को निर्णयवाट सं पं) | ४८८१६०।०० |
| २२ | | ५५ | सनवृज सोलार नेपालबाट सोलार खरिदको जडान  प्रमाण पेश भएको आधारमा मिति २०८०।०४।३२ को निर्णयवाट सं पं | ७७८६३२।०० |
| २३ | | ४ | वैक हिसाव मिलान प्रमाणका आधारमा सं पपेश ( मिति २०८०।१२।१३ को निर्णयवाट सं पं) | ० |
| | ०७८।०७९ को कुल जम्मा | | | २०७४३९४।०० |
| २४ | ०७५।०७६ | ४७ | पिपलटारी अमलटार चिप्ले कामिडाँडा रघुचौ सिचाई उपभोक्ता समितिको असुलीका आधारमा सं प | ४१८३७।०० |
| २५ | ०७६।०७७ | २० | चौकी डाँडा खहरेपाँगु सडक स्तरोन्नती उपभोक्ता समितिको असुलीको आधारमा सं प | ४०७७३।०० |
| | | | कुल जम्मा सम्परीक्षण रकम | २०७०६२६१।०० |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१

**(क) कार्यालय परिचयः** - स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस रोशी गाउँपालिका अन्तर्गत १२ वडा, ६३ सभा सदस्य, १७६ वर्ग किलोमिटर क्षेत्रफल तथा २३५५१ जना जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्यहुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन,जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९।१७ देखि २०८०।९।२० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** :- कार्यालयको प्राप्ति तथा भुक्तानी रु.१,८२,५१,४७,१९०।०० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ८९,५८,३४,९९१.८६ | ७४,७८,०५,३१३.३६ | | ७४,७८,०५,३१३.३६ | ६८,७४,०४,०३४.०६ | | ६८,७४,०४,०३४.०६ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ८४,५५,९८,०००.०० | ६५,६७,६४,६३७.१२ | ०.०० | ६५,६७,६४,६३७.१२ | ६६,५९,४४,९४६.०६ | ०.०० | ६६,५९,४४,९४६.०६ |
| ११००० कर | ११ | १४,०७,६८,०००.०० | ११,२१,७९,१३८.३३ | ०.०० | ११,२१,७९,१३८.३३ | १२,५७,९४,०४२.७३ | ०.०० | १२,५७,९४,०४२.७३ |
| १३००० अनुदान | | ५५,६१,८९,०००.०० | ४९,०८,८३,३४०.१७ | ०.०० | ४९,०८,८३,३४०.१७ | ४४,८५,७३,६५१.८६ | ०.०० | ४४,८५,७३,६५१.८६ |
| संघीय सरकार | १२ | ४७,९३,९८,०००.०० | ४३,१३,०७,०२२.९८ | ०.०० | ४३,१३,०७,०२२.९८ | ४०,३०,०१,९०८.८६ | ०.०० | ४०,३०,०१,९०८.८६ |
| प्रदेश सरकार | १२ | ७,६७,९१,०००.०० | ५,९५,७६,३१७.१९ | ०.०० | ५,९५,७६,३१७.१९ | ४,५५,७१,७४३.०० | ०.०० | ४,५५,७१,७४३.०० |
| १४००० अन्य राजस्व | | ४,७५,९७,०००.०० | ५,३४,६०,४५१.६२ | ०.०० | ५,३४,६०,४५१.६२ | ९,१५,७७,२५१.४७ | ०.०० | ९,१५,७७,२५१.४७ |
| १५००० विविध प्राप्ति | | २,००,०००.०० | २,४१,७०७.०० | ०.०० | २,४१,७०७.०० | ०.०० | ०.०० | ०.०० |
| ३२००० वित्तीय सम्पत्ति | | १०,०८,४४,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ख. अन्य प्राप्ति | | ५,०२,३६,९९१.८६ | ९,१०,४०,६७६.२४ | | ९,१०,४०,६७६.२४ | २,१४,५९,०८८.०० | | २,१४,५९,०८८.०० |
| वितरण गर्न बाकी राजस्व | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | | ५,०२,३६,९९१.८६ | ८,३६,७१,६८४.२४ | ०.०० | ८,३६,७१,६८४.२४ | १,६६,५६,८४०.०० | ०.०० | १,६६,५६,८४०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| धरौटी | | ०.०० | ७३,६८,९९२.०० | ०.०० | ७३,६८,९९२.०० | ४८,०२,२४८.०० | ०.०० | ४८,०२,२४८.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | | ८९,५८,३४,९९१.८६ | ७६,४३,०४,१२८.४६ | | ७६,४३,०४,१२८.४६ | ६०,४३,०७,७२७.०४ | | ६०,४३,०७,७२७.०४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८४,५५,९८,००००.०० | ७१,६५,७९,४९७.७५ | | ७१,६५,७९,४९७.७५ | ५६,९३,९६,२५३.१९ | | ५६,९३,९६,२५३.१९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २७,५३,४३,६०००.०० | २४,३०,१५,३९६.४१ | ०.०० | २४,३०,१५,३९६.४१ | २५,०८,९७,६२०.०४ | ०.०० | २५,०८,९७,६२०.०४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २१,९५,४४,९५२.०० | १७,९९,०५,२३७.७५ | ०.०० | १७,९९,०५,२३७.७५ | ११,१८,९४,२३३.०७ | ०.०० | ११,१८,९४,२३३.०७ |
| २५००० सहायता (Subsidy) | १८ | १०,००,०००.०० | ३,९६,८८४.३६ | ०.०० | ३,९६,८८४.३६ | २४,७५,६००.०० | ०.०० | २४,७५,६००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | १,४१,०४,०००.०० | १,२१,२२,४५२.०० | ०.०० | १,२१,२२,४५२.०० | ३०,५०,०००.०० | ०.०० | ३०,५०,०००.०० |
| २८००० अन्य खर्च | १८ | ३९,३९,०००.०० | २९,५२,३८०.०० | ०.०० | २९,५२,३८०.०० | २५,२५,९७७.०० | ०.०० | २५,२५,९७७.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३३,१६,६६,४४८.०० | २७,८१,८७,१४७.२३ | ०.०० | २७,८१,८७,१४७.२३ | १९,८५,५२,८२३.०८ | ०.०० | १९,८५,५२,८२३.०८ |
| घ. अन्य भूक्तानी | | ५,०२,३६,९९१.८६ | ४,७७,२४,६३०.७१ | | ४,७७,२४,६३०.७१ | ६०,४३,०७,७२७.०४ | | ६०,४३,०७,७२७.०४ |
| कोषहरु | | ५,०२,३६,९९१.८६ | ४,२४,२९,४३४.८६ | ०.०० | ४,२४,२९,४३४.८६ | २,९९,९०,३६८.०० | ०.०० | २,९९,९०,३६८.०० |
| धरौटी | | ०.०० | ५३,७१,५०५.८५ | ०.०० | ५३,७१,५०५.८५ | ४९,२१,१०५.८५ | ०.०० | ४९,२१,१०५.८५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (७६,३१०.००) | | (७६,३१०.००) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | | (१,६४,९८,८१५.१०) | | (१,६४,९८,८१५.१०) | ८,३०,९६,३०७.०२ | | ८,३०,९६,३०७.०२ |
| च. गतवर्षको | | | १७,१३,११,८२१.२३ | | १७,१३,११,८२१.२३ | ८,६९,५३,०७२.८७ | | ८,६९,५३,०७२.८७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जिम्मेवारी रकम (अ.ल्या) | | | | | | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १५,४८,१३,००६.१३ | | १५,४८,१३,००६.१३ | १७,००,४९,३७९.८९ | | १७,००,४९,३७९.८९ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ११,३१,४६,५६४.७९ | | ११,३१,४६,५६४.७९ | १६,३२,७२,८६४.०८ | | १६,३२,७२,८६४.०८ |

उल्लेखित वित्तीय विवरणमा देहाय बमोजिमको अन्तरसरकारी कारोवार समावेश नभएकोले उक्त वित्तीय विवरणले यथार्थ चित्रण गर्दैन।

| सि नं | विवरण | निकासा खर्च हजारमा |
|---|---|---|
| १ | गरिव संग विश्वेश्वर कार्यक्रम | ४६१८०० |
| २ | सामाजिक सुरक्षा तथा संरक्षण | १४६५६३००० |
| ३ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ९४९४०७४ |
| | | १५६५१८८७४ |

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४ करोड ६५ लाख ६३ हजार, गरिबसंग विश्वेश्वर कार्यक्रमको रु ४ लाख ६१ हजार र एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु ९४ लाख ९४ हजार समेत गरी रु १५ करोड ६५ लाख १८ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ३ त्रैमासिक पुँजिगत खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रेमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पुँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | संघीय पूँजीगत | १४४५८१ | १६५१२ | १५१८३ | ५२७८८ | ६००९८ | १३७३८ |
| २ | प्रदेश पूँजीगत | ४६१६५ | १०० | १५०० | ९७२९ | ३४८३६ | १२११२ |
| ३ | गाउँपालिका पूँजीगत | ८७४३९ | १०८७२ | ८८६७ | ३३४०३ | ३४३०७ | २७२३७ |
| | कूल खर्च | २७८१८५ | २७४८४ | २५५५० | ९५९२० | १२९२४१ | ५३०८७ |
| | खर्च प्रतिशत | ८३.८७ | ८.२९ | ७.७ | २८.९२ | ३८.९६ | १९.०८ |

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ३८।९६ प्रतिशत खर्च भएको देखिन्छ भने असार महिनामा मात्र १९।०८ प्रतिशत खर्च भएको देखिन्छ । त्यसैले चौथो त्रैमासिक र असार महिनामा बढी खर्च गर्ने प्रवृत्ति नियन्त्रण गर्नमा ध्यान दिनुपर्दछ ।

## ४ बजेट अख्तियारी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुखले मिति २०७९।०३।१० गते रु. ७१ करोड ४६ लाख ८२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

## ५ योजना छनौट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाए बमोजिम रहेको छ ।

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | ४ | २८५००० |
| २ | रू.१ लाख देखि रू.३ लाख सम्मका योजना | १८४ | ४७८७३३०१ |
| ३ | रू.३ लाख देखि माथि रू.५ लाख सम्मका योजना | ८६ | ३७७०७६४० |
| ४ | रु.५ लाख देखि माथि रू.१० लाख सम्मका योजना | ३१ | २३०८६७९८ |
| ५ | रू.१० लाख देखि माथि रू.२५ लाख सम्मका योजना | १४ | २३५१५००० |
| ६ | रू.२५ लाख भन्दा माथीका योजना | १ | २९००००० |
| | **जम्मा** | ३२० | १६१४६७७३९ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ६ समपुरक अनुदान

*✓ ........... (प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट रु.४२,३८,३३४।०० सम्परीक्षण गरिएको ।०*

## ७ अघिल्लो आ वको जिम्मेवारी

आर्थिक कार्यविधि नियमावली २०६४ मा चालु वर्षको बजेटले नखाम्ने गरी दायित्व सिर्जना गर्न नहुने र चालु बजेटले नखामेको खर्च व्यहोर्नु परेमा आगामि वर्ष भुक्तानी दिनुपर्ने कारण खोली भुक्तानी बाँकीको कच्चावारीमा चढाई श्रावण १५ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी महालेखा परीक्षकको कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले आ व २०७८।७९ मा विभिन्न कारणले भुक्तानी हुन नसकेका २४ वटा आयोजना तथा कार्यक्रम हरुको भुक्तानी बाँकिको कच्चावारीमा प्रविष्टी गराई जम्मा रकम रु २६४६०२५२ भुक्तानी दिएको देखिएको छ । सम्भव भएसम्म जुन आव को कार्यक्रम हो सोही आवमा नै सम्पन्न तथा भुक्तानी दिने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

## ८ अनुदान फिर्ता

.......... *(प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट रु.५०,७७,२०३।०० सम्परीक्षण गरिएको ।)*

## ९ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ।

| क स | अवण्डा बजेट रु | संचालित योजना संख्या | खर्च रु |
|---|---|---|---|
| १ | ७०००००० | ८ | ५०३१००० |

यस पालिकाले यो वर्ष रु.७० लाख अबण्डा बजेट व्यवस्था गरी ८ योजनामा रु. ५० लाख ३१ हजार खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

## १० बजेट विनियोजन

आर्थिक वर्ष २०७९।८० को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाए बमोजिम विनियोजन गरेको छ ।

| कुल बजेट | चालु बजेट रु. | प्रतिशत | पूँजीगत बजेट रु. | प्रतिशत |
|---|---|---|---|---|
| ८४४५९८०००.०० | ५१३९३१५५२.०० | ६०.८५ | ३३१६६६४४८.०० | ३९.१५ |

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु ८४,४५,९८,०००।०० बजेट विनियोजन भएकोमा चालु तर्फ रु ६०.८५ प्रतिशत र पूँजीगत तर्फ रु ३९.१५ प्रतिशत बजेट विनियोजन भएको छ ।

## ११ करारका कर्मचारीलाई महंगी भत्ता

संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।१।२५ पत्र अनुसार स्वीकृत दरबन्दीमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई मासिक खाईपाई आएको तलबमा १ महिना बराबरको पर्व खर्च र रु. १० हजार पोशाक खर्च मात्र पाइने व्यवस्था छ । त्यसैगरी संघीय सरकार अर्थ मन्त्रालयले मिति २०७९/१/२१ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरी करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने भनी मिति २०७९/१/१५ मा गरेको निर्णयको जानकारी गराएको देखिन्छ । तर पालिकाले करार सेवामा कार्यरत ४० जना कर्मचारीलाई कार्यपालिकाको निर्णय बमोजिम स्थायी कर्मचारी सरह मासिक रु.२,०००।०० का दरले यस वर्ष रु ९६०००० भुक्तानी गरेको रकम उल्लेखित परिपत्र विपरित देखिएकाले उक्त खर्च नियम संमत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ९,६०,००० |

## १२ पुँजीगत खर्च

गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाए बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | पूँजीगत खर्च | बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | ३३,१६,६६,४४८.०० | २७,८१,८७,१४७.२३ | ८३.८८ |

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु ३३,१६,६६,४४८.०० विनियोजन गरेकोमा रु २७,८१,८७,१४७.२३खर्च गरेको छ जुन ८३.८८. प्रतिशत मात्र हुनआउँछ ।

## १३ करार कर्मचारीको संचय कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका अवकासकोष, कल्याणकोणको व्यवस्था सम्बन्धमा उल्लेख छ । पालिकाको सभाले कर्मचारी कल्याण कोषमा रु७२००००।०० वजेट विनियोजन गरी सो रकम करारमा कार्यरत विभिन्न कर्मचारीहरुलाई तलवमा १० प्रतिशत थप गरि संचयकोष कट्टी वापत कट्टा गरी रु ७१००९७ खर्च भएको देखियो । सो सम्वन्धमा कुनै ऐन तथा कार्यविधि व्यवस्था भएको नदेखिएकोले अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,१०,०९७ |

## १४ चालु खर्च

पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ ।

| क्र.स. | आर्थिक वर्ष | बजेट | चालु खर्च | बजेटको तुलनामा चालु खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९/८० | ५१३९३१५५२.00 | ४३८३९२३५०.५२ | ८५.३१ |

पालिकाले यस वर्ष चालु तर्फ रु ५१३९३१५५२।०० विनियोजन गरेकोमा रु ४३८३९२३५०।५२ खर्च गरेको छ जुन ८५.३१ प्रतिशत हुन आउँछ ।

## १५ धरौटी फिर्ता

धरौटी रकम फिर्ता गर्दा सम्बन्धित आन्तरिक राजश्व कार्यालयवाट जारी गरिएको कर चुक्ता प्रमाण पत्र तथा कर समायोजन पत्र पेश गरेपछी मात्र धरौटी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न फर्मलाई दिएको भुक्तानीमा कट्टी गरी राखेको धरौटी रकम फिर्ता दिदाँ कर चुक्ता प्रमाण पेश गरेको नदेखिएकोले उक्त प्रमाण पेश गर्नुपर्दछ ।

| गौ.भौ.नं र मिति | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|
| १८।०७९।०८।२१ | ड्रिमवे कन्स्ट्रक्सन प्रा लि | २५५९७६।०० |
| | जम्मा | २५५९७६।०० |

*✓ ........... (प्रारम्भिक प्रतिवेदन उपर जय माँ गोल्मादेवी कन्स्ट्रक्सनको रु.४०८४१।०० र ड्रिमवे कन्स्ट्रक्सन प्रा लि को रु.१४१२८५।०० को करचुक्ता प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट जम्मा रु.१,८२,१२६।०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५५,९७६ |

## १६ धरौटी सदरस्याहा

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि,२०७७ को नियम ६८ मा उल्लेखित अवधि भित्र धरौटि फिर्ता लिन नआएको,बैंक खातामा जम्मा भएको तर धरौटी खातमा लेखाकंन नभएको तथा कसले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंकको खातामा रहेको धरौटी रकम कार्यालयले राजश्व खातामा दाखिला गर्न सक्ने व्यवस्था छ । पालिकाले गत आ व को अल्यामा नाम नखुलेको धरौटी भनि रु ५ लाख २० हजार अल्या गरेकोमा यस वर्षको अन्तमा पनि सो रकम बांकी देखिएकोले नामनामेसी नभिडेको रकम कसले के प्रयोजनका लागि राखेको हो सो को नाम तथा प्रयोजन खुलाई धरौटी खातामा अद्यावधिक गर्नुपर्ने अन्यथा राजश्व खातामा जम्मा गर्नुपर्ने देखिन्छ ।

## १७ खरिदको आवश्यकता पहिचान

*✓ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट रु.१४,७५,९३५।०० सम्परीक्षण गरिएको ।)*

## १८ आर्थिक सहायता कार्यविधि

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी अन्य सामाजिक सहायता अन्तर्गत विपद, विपन्नलाई औषधी उपचार लगायतका शीर्षकमा यस वर्ष रु ४४३१०००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय

रु.१३३८३०३१९।४२ को ३.३१ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

## १९ गुम्बा, चर्च, सामुदायिक भवन

स्थानिय सरकार सञ्चालन ऐन,संघ तथा प्रदेश सरकारको खर्च मापदण्डले सरकारी रकमको खर्च गर्दा मितव्ययिता अपनाउनुका साथै भविष्यमा आर्थिक सामाजिक तथा वातावरणीय हिसाबले दिगोपना हुने भविष्यमा पुँजीवृद्दि भई आर्थिक विकासमा टेवा पुग्ने खालका क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष निम्नानुसारका संख्यामा चर्च मन्दिर सामुदायिक भवन तथा गुम्बा जस्ता अनुत्पादक क्षेत्रमा रकम रु १५७७०००० बराबर खर्च गरेको देखिएकोले आगामी दिनमा यस्ता अनुत्पादक क्षेत्रका लगानीलाई न्युनीकरण गरी आवश्यकताको पहिचानका आधारमा भविष्यमा पुँजी वृद्दि गर्ने खालका कार्यक्रम सञ्चालन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।

| विवरण | संख्या | रकम |
|---|---|---|
| चर्च | ६ | १४००००० |
| मन्दिर | २७ | ७६५००० |
| सामुदायिक भवन | ५ | १७५०००० |
| गुम्बा | १२ | ४९७००० |
| जम्मा | ५० | १५७७०००० |

## २० फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु ५ करोड ८२ लाख ८२ हजार , यस वर्षको प्राप्तिमा १६ लाख ५० हजार ,यस वर्षको भुक्तानी रु.३ करोड ७९ लाख ५४ हजार र बैङ्क मौज्दातमा रु. ९ करोड ४५ लाख ८६ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १७१३११८२१.२३ | ७४७८०५३१३.३६ | ७६४३०४१२८.४६ | १५४८१३००६.१३ |
| एकीकृत आर्थिक विवरणअनुसार | ११३०२९७०२.७२ | ७४९४५५७२४.७८ | ८०२२५८५४३.४९ | ६०२२६८८४.०१ |
| फरक | ५८२८२११८.५१ | १६५०४११.४२ | ३७९५४४१५.०३ | ९४५८६१२२.१२ |

## २१ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु १७ करोड ४९ हजार मौज्दात रहेकोमा यो वर्ष रु.१७ करोड १३ लाख ११ हजार जिम्मेवारी सारेको

छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१२ लाख ६२ हजार बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको छ ।

## २२ एकीकृत आर्थिक विवरण

आ.व ०७९।०८०को पालिकाले दिएको एकिकृत आर्थिक विवरण देहाय वमोजिम रहेको छ :

| सि.नं. | आय | | सि.नं. | व्यय | |
|---|---|---|---|---|---|
| | शीर्षक | रकम | | शीर्षक | रकम |
| १. | **गत वर्षको जिम्मेवारी** | | १. | चालु | ४३८३९२३५०।५२ |
| | बैंक मौज्दात | ११३०२९७०२।७२ | २. | **पूँजीगत** | २८३१६४३५०।४२ |
| २. | यस वर्षको धरौटी आम्दानी | ७३६८९९२ | ३. | **धरौटी फिर्ता** | ५३७१५०५।८५ |
| ३. | **आन्तरिक राजश्व आम्दानी** | | ४. | **कोष खर्च** | |
| | आन्तरिक राजश्व | ९५४३००२।३४ | | मर्मत सम्भार कोष | ६८६९०२४०।०५ |
| | राजश्व बाँडफाँड प्रदेश सरकार | ३२१२३६५५।९३ | | प्रकोप व्यवस्थापन कोष | ६६४००९६।८१ |
| | राजश्व बाँडफाँड संघीय सरकार | ७८५००२३८।६८ | | कर्मचारी कल्याण कोष | |
| | अन्य आय | ४५७१४४००।०० | ५. | **मौज्दात** | |
| ४. | **संघीय सरकारबाट प्राप्त अनुदान** | | | बैंक मौज्दात | ३७४२१३१२।०१ |
| | वित्तीय समानिकरण अनुदान | १०७६७००००।०० | | धरौटी मौज्दात | १२८१३८१३ |
| | सशर्त अनुदान | २९३०२२९५५।०० | | कल्याण कोष खाता | ० |
| | समपुरक अनुदान | ५४०७१२१।७३ | | प्रकोप व्यवस्थापन खाता | ० |
| | विशेष अनुदान | २५२०६९४६।०० | | मर्मत सम्भार खाता | ९९९१७५९ |
| ५. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | |
| | वित्तीय समानिकरण अनुदान | १०६१३०००।०० | | | |
| | सशर्त अनुदान | २२९०४२६१।०० | | | |
| | समपुरक अनुदान | २०९६७२९४।०० | | | |
| | विशेष अनुदान | ५०९१७६२।१९ | | | |
| ६. | **विभिन्न कोष तर्फको आय** | | | | |
| | मर्मत सम्भार कोष | ७८६८१९९९।०५ | | | |
| | प्रकोप व्यवस्थापन कोष | ६६४००९६।८१ | | | |
| | कर्मचारी कल्याण कोष | ० | | | |
| ७. | **विषयगत निकायबाट प्राप्त रकम** | | | | |
| | सडक बोर्ड नेपाल | | | | |
| | जिल्ला समन्वय समिति | | | | |
| | | | | | |
| | **जम्मा** | ८६२४८५४२७।५ | | **जम्मा** | ८६२४८५४२७।५ |

## २३ कर दायित्व

*✎ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट जम्मा रु.७६,३१०।०० सम्परीक्षण गरिएको ।)*

## २४ क्षेत्रगत बजेट

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | १२०९३२५७४ | १०४८२०८५१ | ८७ |
| सिंचाई | ५१००००० | ४९३७५७७ | ९७ |
| खानेपानी | २६३८०००० | १५५१६२१४ | ५९ |
| भवन निर्माण | ६९६६६००० | ५४९२८९४३ | ७९ |

विवरण बमोजिम सडक निर्माण र मर्मत निर्माण तर्फको प्राथमिकतामा परेको क्षेत्रका रुपमा देखिन्छ । समानुपातिक विकासका लागि स्थानीय आवश्यकतालाई मध्यनजर गरी सबै क्षेत्रलाई महत्तव दिनु उपयुक्त हुन्छ ।

## २५ भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबास

भूमिहिन दलित र सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन सम्बन्धमा पालिकामा वडा मार्फत् संकलन गरेको निम्नानुसारको निवेदन प्राप्त भएको जानकारी प्राप्त भएको छ :

| क्र.स. | विवरण | घरधुरी संख्या |
|---|---|---|
| १ | भूमिहिन दलित | ३ |
| २ | भूमिहिन सुकुम्बासी | ३६ |
| ३ | अव्यवस्थित बसोबासी | ११९ |
| | **जम्मा निवेदन** | **१५८** |

प्राप्त निवेदन सम्बन्धमा आवश्यक कारवाही गरी लगत अद्यावधिक गरी राख्नु पर्दछ ।

## २६ निर्माण कार्य व्यवस्थापन

पालिकाले आर्थिक वर्ष २०७९।८० मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाए बमोजिम रहेको छ ।

| योजना संख्या | ठेक्का मार्फत | | उपभोक्ता समिति मार्फत | | कोटेशन मार्फत | |
|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| ३३१ | २ | ३०१४०६९ | ३०९ | ८५२७७८२९.५० | ९ | ८३०२३८५.८३ |

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल ३२० योजनामा मध्ये ठेक्का मार्फत २ वटा योजनामा रु ३०१४०६९ खर्च गरेको छ भने उपभोक्ता समिति मार्फत सञ्चालित ३०९ योजनामा रु ८५२७७८२९.५० र कोटेशन मार्फत ९ वटा योजनामा रु ८३०२३८५.८३ गरेको छ । अर्थात ३२० योजनामा भएको खर्च मध्ये १ प्रतिशत ठेक्का प्रक्रिया ९६ प्रतिशत

कार्य उपभोक्ता समिति र ३ प्रतिशत कार्य मार्फत् कोटेशन मार्फत गरेको देखिन्छ । पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपन उपभोक्ता समितिको क्षमता निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

## २७ बैंक हिसाब मिलान

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा यस पालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण अनुसुचि २४ बमोजिम श्रेस्ता र बैक अनुसार फरक देखिएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।

| बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|---|---|
| सिद्धार्थ बैंक लि. | ०३६१८२११५५० | ग १.१, आन्तरिक राजस्व खाता | ९५,४३,००२.३४ | ९५,४३,००२.३४ |
| सिद्धार्थ बैंक लि. | ०३६१५०७३५९२ | ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ४५,३६,०५०.२२ | ४५,३६,०५०.२२ |
| सिद्धार्थ बैंक लि. | ०३६१८२१३०९० | ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ०.०० |
| सिद्धार्थ बैंक लि. | ०३६१५३९३२०१ | ग २.२, चालू खर्च खाता- जोर वर्ष | १,४०,९३,८९९.०६ | १,४०,९३,८९९.०६ |
| सिद्धार्थ बैंक लि. | ०३६१५३९३२८० | ग २.४, पुंजीगत खर्च खाता- जोर वर्ष | ७६,६७,५३५.९९ | ७६,६७,५३५.९९ |
| सिद्धार्थ बैंक लि. | ०३६१८२१३४७२ | ग २.७, विविध खर्च खाता | ९९,०२,२३९.०० | ९९,०२,२३९.०० |
| सिद्धार्थ बैंक लि. | ०३६१५०३१७२१ | ग ३.१, स्धानीय तह धरौटी खाता | १,२८,१३,८१३.०० | १,२८,१३,८१३.०० |
| सिद्धार्थ बैंक लि. | ०३६१५०३१७०७ | ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ६५,५८,०२७.६३ | ६५,५८,०२७.६३ |
| सिद्धार्थ बैंक लि. | ०३६१८२१३७३४ | ग ५.१, स्थानीय तह विविध कोष खाता | ८९,५२०.०० | ८९,५२०.०० |
| सिद्धार्थ बैंक लि. | ०३६१५११०१०८ | ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ०.०० | ०.०० |
| सिद्धार्थ बैंक लि. | ०३६१५०४३५९८ | ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ०.०० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| बैंक कारोबारमा भिन्नता [राजस्व खाता र सञ्चित कोष खाता] | | | ४,७९,४२,४७७.५५ | |
| जम्मा | | | ११,३१,४६,५६४.७९ | ६,५२,०४,०८७.२४ |

## २८ बेरुजु लगत

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा पालिकाको अवस्था देहाय बमोजिम रहेको छ ।

म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख नराखेको

म.ले.प.फाराम ८०१ — बेरुजु लगत
म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन
म. ले. प. फाराम ८०३ — बेरुजुको केन्द्रिय कार्यालयगत लगत
म. ले. प. फाराम ८०४ — बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन
म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख
बेरुजु सम्बन्धी अभिलेख राखी अद्यावधिक गर्नुपर्दछ ।

## २९ आन्तरिक नियन्त्रण

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था रहेको छ । आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानूनमा समेत उक्त व्यवस्था उल्लेख छ । नगरपालिकाको आन्तरिक नियन्त्रण पद्दतिका सम्वन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ —

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहबाट गरिने कार्यका सम्वन्धमा सम्पादन गरिने कार्य नियमित, मितव्ययी प्रभावकारी र दक्षतापुर्ण रुपमा सम्पादन गर्नुपर्ने प्रणालीको पालिका अध्यक्ष, जिल्ला समन्वय समिति प्रमुख वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था रहेकोमा पालिकाले आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारी व्यवस्थापन गर्न सकेको देखिएन ।

• स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुचि ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको तथा सम्बन्धित निकायमा पेश गरेको प्रमाण उपलब्ध भएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले विगतमा तथ्याङ्क तयार गरेको भएपनि अवधि यकिन गरी अध्यावधिक गरेको पाइएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको सुत्र सफ्टवयरले जेनेरेट गरे अनुसारको वार्षिक प्रतिवेदन प्रदेश लेखा इकाई कार्यालयमा पठाउने गरेपनि सो सम्वन्धमा भएका थप प्रगतिका सम्वन्धमा लेखाङ्कन गरेको पाइएन ।

• पालिकाले भुक्तानी अभिलेखका आधारमा सुत्र सफ्टवेयरमा कार्यक्रमगत तथा योजनागत खाता राखेको जनाए पनि वहुवर्षिय योजना स्वीकृत गरी अभिलेखीकरण गरेको देखिएन ।

• पालिकाले जिन्सी सामानको विवरण तयार गरी सहायक जिन्सी खाता राखेको जनाए पनि वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख मूल जिन्सी खातामा अध्यावधिक गरेको देखिएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्ने उल्लेख गरेकोमा सुझाव कार्यान्वयन गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन ।

• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ मा व्यवस्था भए अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन ।

• योजना व्यवस्थापनमा सकारात्मक प्रभाव कायम गर्ने गरी वातावरण संरक्षणको एकीकृत दिर्घकालिन योजना तयार गरेको देखिएन ।

• नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरेको देखिएन ।

• नगदी रसिद नियन्त्रण प्रणाली व्यवस्थित रुपमा अवलम्वन गरेको देखिएन ।

• अधुरा आयोजनाको समिक्षा गरी उपलव्धि मापन गरेको देखिएन । यसबाट अधुरा आयोजनाको कार्यान्वयनमा दिशानिर्देश हुन सकेको देखिएन ।

• ऐनको दफा ३२ अनुसार वित्तिय जोखिम कम गर्न र वित्तीय विवरणलाई विश्वसनिय बनाउन आन्तरिक नियन्त्रण समिति सुदृढ हुनपर्नेमा आन्तरिक नियन्त्रण समिति पूर्णता निष्कृय रहेको देखिन्छ ।

• वित्तिय व्यवस्थापन रणनीति खाका तयार गरी त्यसका मुख्य सुचक तयार गरी उपलब्धीहरुको मापन गर्नुपर्नेमा सो बमोजिम सुचक नै तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ (१) अनुसार सार्वजनिक निकायले आपूर्ती गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परिक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानिय तहले निर्माण व्यवसायि तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परिक्षण गरेको पाइएन ।

• सार्वजनिक खरिद ऐन २०६३ मा बिस लाख भन्दा माथिको निर्माण कार्यको विमा गराउनु पर्ने व्यवस्था भएकोमा पालिकाले सो कार्य गरेको पाइएन ।

• भ्रमण खर्च नियमावली २०६४ अनुसार पालिकाले भ्रमण काजमा खटाउदा भ्रमण अभिलेख राख्नुपर्नेमा उक्त कार्य गरेको पाइएन,साथै भ्रमण पश्चात भ्रमण प्रतिवेदन तयार गरेको देखिएन ।

• दिगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन ।

• संस्थागत विद्यालयहरुको दर्ता,नविकरण,शूल्क निर्धारण,अनिवार्य निशूल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको पाइएन ।

• संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणली IEMIS अद्यावधिक गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरी मर्मत सम्भार दायित्व सहित अभिलेखिकरण गरेको देखिएन ।

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको अभिलेख गरी कार्यान्वयन अवस्था संग आवद्ध गरेको देखिएन ।

• संघिय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम सञ्चालनको क्रममा अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका २०७७ को पूर्णरुपमा पालना भएको पाइएन ।

## ३० कानून निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १. | ऐन | ७ |
| २. | नियमावली | ३ |
| ३. | कार्यविधि तथा निर्देशिका | ४९ |
| ४. | नीति | २ |
| | **जम्मा** | ६१ |

## ३१ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार मुद्दा दर्ता र फछ्यौंट कारवाही देहाय बमोजिम रहेको छ ।

| गत वर्षबाट सरेका विवाद | यस वर्ष दर्ता भएको | जम्मा | फछ्यौंट/कारवाही भएका विवाद | फछ्यौंट/कारवाही हुन बाँकी विवाद |
|---|---|---|---|---|
| - | १७ | १७ | १७ | - |

## ३२ आन्तरिक आय र समग्र खर्चको तुलना

पालिकाको यस आर्थिक वर्षको आय र खर्चको विवरए देहाय बमोजिम रहेको छ ।

| क्र.स. | आर्थिक वर्ष | आन्तरिक आय रु | पालिकाको जम्मा खर्च रु | आयको तुलनामा खर्चको प्रतिशत |
|---|---|---|---|---|
| १ | २०७९।८० | १३,३८,३०,३१९.४२ | ९,२६,४५,४७९।८६ | ६९.२३ |

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु ९,२६,४५,४७९।८६ रहेको छ भने राजश्व संकलन १३,३८,३०,३१९।४२ गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको ६९.२३ प्रतिशत हुन आउँछ जुन खर्चको तुलनामा आन्तरिक आय न्यून रहेको देखिन्छ ।

## ३३ खरिद व्यवस्थापन

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छः

| कार्यक्रम/ शीर्षक | खरिद सम्झौता | | | | | | | | यस बर्ष सम्पन्न | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कुल जम्मा | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | | |
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| बोलपत्रबाट | २ | ३०१४०६९ | - | - | १ | १२८७७९१ | १ | १७२६२७८ | - | - |

ठेक्का व्यवस्थापन सम्बन्धमा दोश्रो तथा तेश्रो चौमासिकमा बोलपत्र सम्झौताको कार्य भएको देखिन्छ । आ वको अन्त्यमा ठेक्का सम्झौता गर्ने प्रवृत्तीमा सुधार हुनुपर्दछ ।

## ३४ सहकारीको विवरण

पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाए बमोजिम रहेको छ ।

| सहकारी संस्थाको किसिम | सहकारी संख्या | सदस्य संख्या | शेयर पूँजी रु | बचत रु | ऋण लगानी रु | जगेडा कोष |
|---|---|---|---|---|---|---|
| वचत तथा ऋण सहकारी संस्था लि. | ४ | २६५० | १६९०६००० | ९९३५७७४६।५३ | १०८३००२४४ | ७२३११४४।९ |
| बहुउदेश्यीय सहकारी संस्था लि. | १ | ५२१ | २५९०००० | ३२७७९४९ | ९८५८६०९ | ९८८७१६.५ |
| कृषि सहकारी संस्था लि. | ४ | १६८२ | ४९५३९०० | ४३८४२०२७ | ४३३५५६९३ | १८१५४७१.५४ |
| वित्तिय सहकारी संस्था लि. | १ | १०६२ | ९३३०६०० | १३३७२१९७० | १०५१२६५१४ | ४६७२७३३ |
| अन्य | ७८ | | | | | |
| **जम्माः** | ८८ | ४८५३ | ३३७८०५०० | २८०१९९६६९३ | २६६६४१०६० | १४७०८०६६ |

## ३५ डि पि आरमा खर्च

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु ७८,२४,१२६/- . भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

| क.स | कार्यक्रमको नाम | परामर्शदाता | वजेट |
|---|---|---|---|
| १. | कालढुंगा गोमते भञ्याङ हायुटोल सडक | नोभा इन्जिनियरिङ्ग डेभलप्मेण्ट प्रा.लि. | ४,८१,३८०/- |
| २. | घट्टेखोला देखि गाडी मोटरबाटो | शुलभ इन्जिनियरङ्ग एण्ड कस्न्ट्रसन | २,९५,८३४/- |
| ३. | सन्जीवन लेखपानी रोडा रोशी गा.पा | सुगी कन्सल्टेनर प्रा.लि. | २,६०,३५२/- |
| ४. | भतेरेडाँडा बुन्टेओखर बतासेडाँडा घ्याङसिङ खोला सडक | वाजु विल्डर्स प्रा.लि | ४,५७,६५०/- |

| | | | |
|---|---|---|---|
| ५. | लैंगिक हिसां विरुद्धको कार्यक्रम | हेल्दी नेपाल | ८,००,०००/- |
| ६. | युवाहरुको क्षमता अभिवृद्धि कार्यक्रम | दिगोविकास नागरिक मञ्च | ४,००,०००/- |
| ७. | रातामाटा हर्कपुर सडक | ब्राइट इन्जिनियरिङ एण्ड कन्सट्रक्सन प्रा.लि. | ४,०२,५०६/- |
| ८. | भू उपयोग नीति | छिन्नमस्ता कशिम लालिगुराँ जेभी | ५,००,३०७/- |
| ९. | रोजगार कार्यक्रम/तालिम | रोशी ह्यान्डि क्राफ्ट | ५,००,०००/- |
| १०. | नार्के किर्दास तल्लो खार्पाचोक खार्पाचोक सडक डिपिर | रिजिड ईन्जिनियरिडप्रा.लि. | २,९१,०८८/- |
| ११. | मंगलटार वेलडाँडा रेम्पोर्छे माने डीपिर | परियोजना डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ३,९५,५००/- |
| १२. | गुम्वा /स्मार्कको अध्ययन — स्गदोपारि गुम्वा तथा घैयावारी धार्मिक पर्याटकिय स्मारिकाको डिपिआर | ड्रिम हाउस इन्जिनियरिङ्ग सवलुसन प्रा.लि. | ४,३४,०००/- |
| १३. | खेलग्राम को डिपिआर | ग्याल्बो इन्जिनियरिङ्ग | ४,९०,९८५ |
| १४. | Landslide Mapping of Roshi Rural Municipality ward 5-12 DPR | ए.एस. कन्सल्ट प्रा.लि. | ४,९९,०००/- |
| १५. | विभिन्न सडक DPR | परियोजना डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि | १४,६३,०१९/- |
| १६. | पूर्वाधार तथा आर्थिक विकास गुरु योजना | जुरो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि | ९,५२,५०५/- |
| | जम्मा | | ७८,२४,१२६/- |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष डिपिआर लगायतका कार्यमा सोझै खरिद विधिबाट १६ वटा सेवा खरिदका लागि जम्मा सम्झौता अनुसार रु ७८,२४,१२६ भुक्तानी गरेको छ । पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परामर्श सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

## ३६ डि पि आर कार्यान्वयन

पालिकाबाट प्राप्त विवरण अनुसार गत विगत वर्षहरुमा डि.पि.आर. गरेका विभिन्न योजनाहरु हालसम्म कार्यान्वयनमा आउन सकेका छैनन् । त्यसरी कार्यान्वयन हुन बाँकी रहेका केही योजनाहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.स. | आर्थिक वर्ष | कामको विवरण | परामर्शदाताको नाम | भुक्तानी रकम रु. | योजना कार्यान्वयन हुन नसक्नुको कारण |
|---|---|---|---|---|---|
| १ | | भतेरेडाँडा बुन्टेओखर बतासेडाँडा घ्याङसिङ खोला सडक | वाजु विल्डर्स प्रा.लि | ४,५७,६५०/- | बजेट विनियोजन नहुनु |
| 2 | | मंगलटार वेलडाँडा रेम्पोर्छे माने DPR | परियोजना डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि. | ३,९५,५००/- | बजेट विनियोजन नहुनु |

| | | | | | |
|---|---|---|---|---|---|
| 3 | | गुम्वा /स्मार्कको अध्ययन — स्गदोपारि गुम्वा तथा घैयावारी धार्मिक पर्याटकिय स्मारिकाको डिपिआर | ड्रिम हाउस इन्जिनियरिङ्ग सवलुसन प्रा.लि. | ४,३४,०००/- | बजेट विनियोजन नहुनु |
| 4 | | Landslide Mapping of Roshi Rural Municipality ward 5-12 DPR | ए.एस. कन्सल्ट प्रा.लि. | ४,९९,०००/- | बजेट विनियोजन नहुनु |
| 5 | | विभिन्न सडक DPR | परियोजना डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि | १४,६३,०१९/- | बजेट विनियोजन नहुनु |
| 6 | | पूर्वाधार तथा आर्थिक विकास गुरु योजना | जुरो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि | ९,५२,५०५/- | बजेट विनियोजन नहुनु |

पालिकाले गत विगत वर्षमा डि.पि.आर. गरेका योजनाहरुमा अधिकांश योजना कार्यान्वयनमा आउन नसकेकोले कार्यान्वयन हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परामर्श सेवा लिने तर्फ ध्यान दिनुपर्दछ ।

## ३७ पेश्की बाँकि

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर पेश्कि फर्छ्यौट गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट जम्मा रु. ६०,१४,१८६।०० सम्परीक्षण गरिएको ।)*

## ३८ आर्थिक सहयोग

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण तथा अन्य कागजात संलग्न राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष गाउँपालिका चालुतर्फबाट विभिन्न संघ, संस्था तथा पाटिलाइ भुक्तानी दिँदा खर्च पुष्टी गर्ने बिल, भरपाई तथा प्रमाण संलग्न नगरी मात्र तोकादेशानुसार रकम भुक्तानी भएको देखिएकोले उक्त कार्य नियम संगत देखिएन ।

| गौ.भौ.नं र मिति | फर्मको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ३९।०७९।०६।०४ | अखिल नेपाल आदिवासी जनजाती महासँघ | ४५०००।०० | विल भर्पाइ नभएको, निवेदन तोकादेशानुसार |
| ७८।०७९।०६।११ | नेपाल कम्युनिष्ट पार्टि | २००००।०० | विल भर्पाइ नभएको, निवेदन तोकादेशानुसार |
| १६३।०७९।८।१५ | गाउँपालिका राष्ट्रिय महासंघ | ५००००।०० | विल भर्पाई नभएको, सदस्यता |
| ३१३।०७९।१०।२२ | शर्मिला लामा तामाङ | ४०००००।०० | पर्वातारोहि सहयोगकार्यक्रम, सम्झौता वमोजिमविल भर्पाई लगायतका प्रमाण नभएको,सम्झौता वमोजिम गा.पा को पर्यटन प्रर्वद्धनमा टेवा पुग्ने प्रमाण नभएको , |
| ३२१।०७९।१०।२५ | मानव कल्याण समाज | १०००००।०० | विल भर्पाई तथा प्रतिवेदन संलग्न नभएको, अनुदान |
| | जम्मा | ६१५०००।०० | |

| | |
|---|---|
| अनियमित भएको | ६,१५,००० |

## ३९ खेलकुद कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण तथा अन्य कागजात संलग्न भए नभएको तथा खर्च लेख्न रित पुगे वा नपुगेको जाँच्नु पर्ने व्यवस्था रहेको छ । गौ.भौ.नं ११२।०७९।०७।०४ वाट रोशि कप खेलकुदका लागि पिन्थली युवा क्लवलाई ५लाख वजेट विनियोजन गरी खर्च लेखेकोमा खेल कार्यक्रमसंग सम्वन्धित खेलको टाइसिट, सहभागी टिमको विवरण, सिफारीस तथा प्रतिवदेन संलग्न गरेको पाइएन भने स्वयंसेवक तथा खेलाडीका लागि टिर्सट १९ वटा तथा जर्सी ११ वटा खरिद गरेको विल समावेश गरेकोमा सो वितरणको भर्पाई संलग्न गरेको पाइएन । अत खर्च पुष्टाइगर्ने प्रमाण कागजात नदेखिएकोले नियम संगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

## ४० करार कर्मचारी विमा

करारका कर्मचारीको सेवा सुविधा सम्बन्धी सामान्य प्रशासन तथा संघीय मामिला मन्त्रालयको परिपत्रमा करारका कर्मचारीलाई वीमा सुविधा दिने सम्बन्धमा उल्लेख भएको देखिँदैन । पालिकाले विभिन्न करारका कर्मचारीहरुको विमा वापत सिटिजन लाइफ इन्सुरेन्सलाई गौ.भौ. १३४।०७९।७।२५ वाट रु १२३०२९।०० र गौ.भौ.नं. १६०।०७९।०८।१५ वाट रु १०६०३२।०० दिएको विमा प्रिमियम रकम नियम संगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,२९,०६१ |

## ४१ अनुत्पादक खर्च

सार्वजनिक स्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्चमा मितव्ययिता अपनाउनु पर्दछ । पालिकाले यस वर्ष विभिन्न जेष्ठ नागरिकहरु तथा कृषकहरुलाई धार्मिक तथा पर्यटकिय क्षेत्रमा अवलोकन भ्रमणमा गरेको खर्च मितव्ययी देखिएन । केहि उदाहरण निम्न छन्:

| गौ.भौ.नं र मिति | विवरण | भुक्तानी रकम | भुक्तानी लिने |
|---|---|---|---|
| १४३।०७९।०८।०८ | जेष्ठ नागरिक तिर्थयात्रा वडा ३ | २९९०५०।०० | सुनिल शाहि |
| ४५४।०७९।१२।२९ | कृषक अवलोकन भ्रमण | १०००००।०० | लालिगुराँस महिला विकास वहुउद्धेश्यी सहकारी संस्था |
| १६३।०७९।८।१५ | कृषक अवलोकन भ्रमण | ५०००००।०० | रघुनी शाह सुडी |
| | जम्मा | ८९९०५०।०० | |

## ४२ प्रेस सल्लाहकार

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई सँशोधन गर्न बनेको ऐन २०७६ ले पालिका अध्यक्ष तथा उपाध्यक्षले प्रेस सल्लाहकार राख्न पाउने व्यवस्था गरेको देखिदैन ।पालिकामा प्रेस सल्लाहकार नियुक्त गरी मासिक रुपमा १३८०० सेवा सुविधा प्रदान गर्दै आएको देखिएकोछ । यसरी ऐन कानुन विपरीत हुने नियुक्त गरेका सल्लाहकार र निजलाई भुक्तानी गरेको तलव भत्ता तथा अन्य सेवा सुविधा अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,७९,४०० |

## ४३ उपभोक्ताबाट काम

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने व्यवस्था छ र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्र्याक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ ।उपभोक्ताले लागत अनुमानको १० प्रतिशतसम्म व्यहोर्ने गरी सम्झौता गरी पालिकाले आव २०७९।८० मा ११५वटा सडक मर्मत तथा स्तरोन्नती गर्ने काम गरी जम्मा रकम रु ३५४३१२७७ खर्च गरेकोमा अधिकांश कार्य निर्माण व्यवसायिबाट गराएको देखिएको छ, जसबाट नेपाल सरकारलाई प्राप्त हुने मूल्य अभिवृद्धि कर छुट हुनुका साथै लागत अनुमानकै हाराहारीमा उपभोक्ता समितिलाई कार्यदिश दिँदा प्रतिस्पर्धात्मक प्रकृयाबाट बिमुख हुने स्थितीको सिर्जना भएको देखिन्छ । जसले गर्दा पालिकालाई थप व्यभार परेको देखिन्छ।

केही उदाहरण निम्न अनुसार छन्ः

| गो भौ नं र मिति | उपभोक्ता समिति | खर्च रकम | निर्माण व्यवसायि | भुक्तानी रकम |
|---|---|---|---|---|
| ५२७।२०८०।३।१५ | घ्याङ डाँडा पल्लो टोल सडक निर्माण उ स | ११९८५० | उज्यालो निर्माण सेवा | ११९८५० |
| ५४९।२०८०।३।२० | सजिवन लेखपानि सडक स्तरोन्ती | ४६५७८५ | थाम सेर्कु कन्ट्रक्सन प्रा लि | ३०८४९० |
| ५४२।२०८०।३।१९ | खानिगाँउ बर्खेखोला जोडने सडक उ स | २९९००० | उज्यालो निर्माण सेवा | १७१७६० |
| ५४१।२०८०।३।१९ | रातामाटा हर्कपुर जोडने सडक उ स | ६०००२३ | अनिष एण्ड कन्ट्रक्सन | ३१६४०० |
| ४३१।२०७९।७।२५ | सिग्देल सडक निर्माण उ स | ४००००० | माम्ती भिमसेन निर्माण सेवा | २२६२२६ |
| ५०।२०७९।८।९ | सन्थनि दोगा ज्योति मार्ग जोड्ने नयाँ ट्र्याक जोडने | २९९१४९ | सगरमाथा युनिक कन्ट्रकसन | ३४६३५९ |
| ७३।२०७९।९।४ | देउराली बगैचा कालिखोला सडक उपभोक्ता समिति | ३००००० | सगरमाथा युनिक कन्ट्रकसन | ३२४७९९ |
| ६३।२०७९।८।२३ | खरायो डाँडाँ सडक स्तरोन्नती | २००००० | सगरमाथा युनिक कन्ट्रकसन | २१६१५२ |
| १०२।२०७९।९।१७ | जोइडिल रामरिन सडक निर्माण उपभोक्ता समिति | ९९८६६४ | नवआर्दश निर्माण सेवा | ५४२४०० |

## ४४ उपभोक्ता समितिलाई भुक्तानी

सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । पालिकाका उपभोक्ता समिति तर्फका फाईल नमुना परीक्षण गर्दा निम्नानुसारका उपभोक्ता समितिको कार्यसम्पन्नमा भएको कामबमोजिमको सामाग्रीमा लाग्ने मूल्य अभिवृद्धि कर भन्दा बढी रकमको मूल्यअभिवृद्धिका बिल पेश भई सोही बमोजिम भुक्तानी भएको देखिएकेले उक्त बिलहरुबाट भुक्तानी भएको भ्याट रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रु

| क स | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४४.१ | पिन्थली कोटेटोल बाटो निर्माण उपभोक्ता समिति | ३२१८ |
| ४४.२ | चिसापानि खोल्सा खार्पाचोक सडक ग्राभेल तथा सोलिङ उपभोक्ता समिति | ३५०६ |
| | असुल गर्नुपर्ने | ६,७२४ |

**..........** *(प्रारम्भिक प्रतिवेदन उपर छाप सत्तल नि.उ.स को रु.२,८९२।०० र कालिकाखोला केरावारी सडक स्तरोन्नती उ.स को रु.७,३४३।०० दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट जम्मा रु. १०,२३५।०० मात्र सम्परीक्षण गरिएको ।*

## ४५ विन्ध्यवासिनि माध्यामिक विद्यालय

विद्यालयको घेराबार तथा व्यवस्थापन कार्य गर्दा कार्य सम्पन्न मूल्याङ्कन प्रतिवेदनमा रु ८७५९४ मूल्य बराबरको मूल्य अभिवृद्दिकर निर्धारण गरेकोमा उक्त विद्यालयले पेश गरेको विल भरपाईमा रु ४८५०० बराबरको मात्र मूल्य अभिवृद्दिकर समावेश भएको हुँदा भुक्तानी भएको बढी मूल्यअभिवृद्दि कर सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४१,७९४ |

## ४६ ठाडे लाखाङ सडक स्तरोन्नती

सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यव्स्था रहेको छ । स्तरोन्नती कार्यको कार्य सम्पन्न प्रतिवेदन अनुसार आवश्यक पर्ने ढुङगाको घनमिटर ८६।२५ रहेको छ । तर उपभोक्ता समितिले आवश्यकता भन्दा कम ५० घनमिटर ढुङगामात्र खरिद गरेको देखिएको छ ।उक्त कार्यलाई आवश्यक पर्ने भन्दा कम ३६।२५ घनमिटर ढुङगा खरिद गरेको देखिएकोले कार्य सम्पन्न परिमाण भन्दा बढी परिमाणमा कार्य सम्पन्न भएको परिणामलाई भुक्तानी भएको रकमको प्रति घनमिटर रु ३२१० का दरले हुन आउने जम्मा रकम रु ११६३६२ बढी भुक्तानी भएको देखिएकोले उक्त रकमको भ्याट रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,३८७ |

४७ **महादेवटार वडा कार्यालय बाटो सोलिङ**

सार्वजनिक खरिद नियमावलीको नियम ९७ (६) मा उपभोक्ता समितिले आफ्नो कामको प्राविधिक मुल्याङकन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने व्यवस्था रहेको छ । सोलिङ कार्यलाई कार्य सम्पन्न प्रतिवेदन अनुसार आवश्यक पर्ने ढुङगाको घनमिटर ८१।६ रहेको छ । तर उपभोक्ता समितिले आवश्यकता भन्दा बढी १२६ घनमिटर ढुङगा खरिद गरेको देखिएको छ ।उक्त कार्यलाई आवश्यक परने भन्दा बढी ४४।४४ घनमिटर ढुङगा खरिद गरी प्रति घनमिटर रु २००० का दरले जम्मा रकम रु ८८००० भुक्तानी भएकोमा उक्त रकमको भ्याट रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,२१६ |

४८ **इन्धन खपत**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार कुनै निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने र नियम ९७(६) मा उपभोक्ता समितिले निर्माण कार्यको नापी किताव सहित आवस्यक विल भरपाई सहित भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ साथै सडक विभागको नम्स 29.19.b अनुसार प्रति घण्टा मेसिन चल्नको लागि प्रति घण्टा ९.८ लिटर डिजेलको खपत हुने कुरा नम्समा उल्लेख गरीएको छ । पालिकाको विभिन्न सडक स्तरोन्ती तथा मर्मत कार्य उपभोक्ता समितिबाट गराएको कार्यहरुको नमूना परीक्षण गर्दा मेसिन प्रयोगको लागत अनुमान डिजल सहितको मेसिन प्रयोग गर्ने रेटको आधारमा तयार गरेको अवस्थामा कार्य सम्पन्न भएकोमा कुल मेसिनले कार्य गरेको कुल परिमाणको आधारमा उक्त मेसिन डोजर चलेको घण्टाको आधारमा इधन खर्च गर्नुपर्नेमा स्वीकृत नम्स भन्दा बढी मात्रामा डिजेल प्रयोग गरेको विल पेश गरी सोही अनुरुप भुक्तानी भएको देखिएको छ । स्वीकृत नम्स भन्दा बढी भुक्तानी भएको इन्धन बराबरको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| उपभोक्ता समिति | कार्य सम्पन्न अनुसार मेसिन घण्टा | लाग्ने इन्धन लि | खर्च इन्धन लि | बढी इन्धन | बढी भ्याट रकम |
|---|---|---|---|---|---|
| चापाडाँडा मोटरबाटो खन्ने उपभोक्ता समिति | २६५ | २४२० | ३१०० | ६८० | १३३०० |
| आलुवन सडक निर्माण | १३२ | १२१५ | १८४९ | ६३४ | १२४०० |
| वेशीलेम्वा डाँडाँ मन्दगाँउ नया सडक | २११ | १९४१ | २९५० | १००९ | १९३३४ |
| सोरे सडक उपभोक्ता समिति | १०० | ९२ | १४६२ | १३७० | २६७९४ |
| जम्मा | | | | | ७१८२८ |

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर कालढुङ्गा देवल डाँडा उ.स को रु.७,०८०।०० र आहालडाँडा आँटपाखा सडक नि.उ.सको रु.७६,९९८।०० दाखिला गरेकोप्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट जम्मा रु. ८४,०७८।०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७१,८२८ |

## ४९ १० शय्याको अस्पताल

तोकिएको समयमा निर्माण कार्य सम्पन्न गराउन सम्बन्धित सार्वजनिक निकायले पहल गर्नुपर्दछ । आ व २०७७।७८ को ठेक्का नं RRM/COH/NCB/12-77/78 निर्माण व्यवसायी श्री सगुन धुलिखेल जेभि संग विड प्राइस ६०५८६००४३ मूल्यअभिवृद्दि कर र सि एस आइटम सहित मिति २०७७ चैत्र १३ गते देखि २०७९ जेठ १३ गते सम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त समयमा निर्माण व्यवसायिले कार्य सम्पन्न गर्न नसकि मिति २०७९ श्रावण १५मा २०८० जेठ ३० सम्ममा कार्य सम्पन्न गर्ने माइलस्टोनको तालिका सहित पहिलो पटक म्याद थप भएकोमा सो अवधिमा पनि निर्माण व्यवसायिले कार्य सम्पन्न गर्न नसकेको हुँदा पुन १३ औ कार्यपालिका बैठकले २०८१ जेठ मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको अवस्था रहेको छ । यसरी सम्झौता अवधिमा तोकिएको समयावधिको झण्डै दुई गुणा समयावधि व्यतित भई सक्दा पनि कार्य प्रगतिको अवस्था सन्तोषजनक नदेखिएको हुँदा कार्यालयको समयमै कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिई कार्य सम्पन्न गर्न पहल गर्नुपर्दछ ।

## ५० सेवामा कर

आयकर ऐन २०५८ को दफा ८८-१ मा बासिन्दा ब्यक्तीले नेपाल श्रोत भएको सेवा शुल्क(मू अ करबिजक जारी नगरीकन) भुक्तानी भएकोमा १५ प्रतिशत कर कट्टि गर्नुपर्ने ब्यबस्था रहेको छ।गाउँपालीकावाट संचालित बिभिन्न कार्यक्रममा भ्याट विल पेश नगरी प्यान विल मार्फत अग्रिम आयकर वापत १.५% कर मात्र कट्टी गरेको हुदा नपुग कर रकम रु ५४२६१ असुल गर्नु पर्ने रु.

| गो भौ नं र मिति | कार्यक्रम | संस्था | भुक्तानि भएको रकम | छुट VAT रकम |
|---|---|---|---|---|
| ५९४।२०८०।०३।०४ | महिला आय आर्जन कार्यक्रम | परिवर्तनका लागि जागरण नेपाल | १३४७४४ | २१५६३ |
| ७१६।२०८०।०३।२२ | क्यान्सर सम्वन्धि सचेतना र प्रजनन् रुग्णता स्वास्थ्य सेवा कार्यक्रम | क्यान्सर सोसाईटी नेपाल | २९७००० | ३२६५३ |
| | | जम्मा | | ५४२१६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,२१६ |

## ५१ अन्य निकायको खर्च

नेपाल सरकार मातहतका सवै निकायहरुको आबश्यक कार्यक्रमका लागि आबश्यक बजेट व्यबस्था गरेको हुन्छ ।जुन रकम नपुग भएमा तालुक निकायसंग नै माग गर्नु पर्दछ ।तर पालिकाले देहायको भौचरबाट आफ्नै बजेट विनियोजन भएको

निकायको कार्य प्रयोजनको लागि भुक्तानी गरेको देखियो।पालिकाले अन्य निकायबाट संचालन भएको कार्यक्रमको खर्च भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| गो भौ नं र मिति | कार्यालय | कार्य | रकम |
|---|---|---|---|
| २६।२०७९।६।१३ | खहरेपाँगु प्रहरी चौकी | कम्प्युटर खरिद | ९९५०० |
| २७२।२०७९।११।२८ | प्रहरी चौकी | किचेन निर्माण | ६३३८८४ |
| १२६।२०७९।७।१८ | जिल्ला प्रहरी कार्यालय धुलिखेल | गाडी मर्मत | १००००० |
| ६७३।२०८०।३।२० | कारागार | विद्युत आपूर्तीका लागि सोलार ब्याट्री | ७९१०० |
| ४८८।२०८०।१।१३ | प्रहरी चौकी मंगलटार | टाटा गाडी मर्मत | ५१८६० |

## ५२ टुक्रा खरिद

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (९) मा प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य टुक्राएर गर्न नहुने व्यवस्था रहेको छ । त्यसैगरी खरिद योजना र खरिद प्याकेज सम्बन्धमा कार्यलयले खरिद योजना बनाइ आइटम अनुसार प्याकेज बनाई कार्यालयले सामान तथा परामर्श सेवा खरिद गर्नुपर्नेमा सो नगरी पटकै पिच्छे सोझै वा ३ वटा फर्मसँग खुला दररेट लिइ खरिद गरी जम्मा रकम रु २२७४४७०६ खर्च गरेको पाइयो ।यसरी खरिद पिच्छे कोटेशन तथा फरक फरक मुल्यमा एउटै सामाग्री खरिद गर्ने कार्यलाई नियन्त्रण गरी पालिकाले प्याकेजिङ र दररेट विधिबाट प्रतिस्पर्धात्मक विधि अवलम्वन गरी खरिद प्रक्रिया अगाडि बढाई प्रतिर्पर्धात्मक विधि अवलम्वन गर्ने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ।पालिकाले यस आ व मा खरिद गरेका टुक्रा खरिदहरु

| खर्च शिर्षक | खरिदको प्रकार | पटक | रकम |
|---|---|---|---|
| गाँउपालिका चालु | मसलन्द/फर्निचर/कम्प्युटर ल्यापटप | १५ | ८०६७४०० |
| गाँउपालिका पूँजीगत | निर्माण कार्य | १० | ६८५३१८० |
| गाँउपालिका पूँजीगत | परामर्श सेवा | १६ | ७८२४१२६ |
| जम्मा | | | २२७४४७०६ |

## ५३ अस्वाभाविक खर्च :

पालिकाको चालुतर्फ गौ.भौ.नं. ७९२-२०८०।०३।२४ वाट पालिकाका कर्मचारीहरुको लागि ३ दिने प्रस्ताव लेखन सम्वन्धि क्षमता अभिवृद्धि कार्यक्रम भनेर दिगो विकासका लागि नागरिक मंच नामक संस्थालाई रु३९४६५०।०० भुक्तानी दिएकोमा ४६ जना सहभागी कार्यक्रममा चिया खाजा खर्चको मात्र रु२३१०००।०० विल राखेको खर्च अस्वभाविक देखिएकोले उक्त खर्च प्रभावकारी तथा नियम संगत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २,३१,००० |

५४ आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोरा

५४.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनु पर्नेछ भनी उल्लेख गरेता पनि भौ नं. ४८- २०७९/०७/२३ बाट रेविज नियन्त्रण कार्यक्रम शीर्षक बाट १५००००।०० खर्च लेखिएकोमा कार्यक्रम लागत र स्वीकृत गर्दा रेविज विरुद्धको खोप र औषधी खरिदको लागि रु ७७०००।०० र बाँकी कार्यक्रम सञ्चालन को लागि बजेट बाँडफाड गरी स्वीकृत गरेकोमा सो अनुसार खर्च नगरि औषधी खरिद रु ९१०२०।०० र बाँकी यातायात र खाजामा खर्च गरी विल भर्पाइ पेश भएकोमा तालिम / अभिमुखीकरणको कार्यपत्र पेश नभएको देखिएको छ । प्रमाण कागजात राखी लेखा दुरुस्त राख्नुपर्दछ ।

५४.२ मिति २०८०।०३।२४ मा हेल्दी नेपाललाई लैंगिक हिंसा विरुद्धको कार्यक्रम सञ्चालन गरे वापत ७९८९९०।— भूक्तानी भएको देखिन्छ जसमा लाग्ने पारिश्रमिक कर र अग्रिम आय कर रु ८,३९४ कट्टा गरेको नदेखिएकोले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,३९४ |

५४.३ ✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट जम्मा रु. ३१,१८८।०० सम्परीक्षण गरिएको ।)*

५४.४ सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम वार्षिक खरिद योजना बनाई खरिद कार्य गरिनुपर्दछ । २०८०/०१/१४/२१३ विभागले उपलब्ध गराउने विधि/पद्दति अनुसार वडा स्तरबाट घटना दर्ता सप्ताह अभियान सञ्चालन र सञ्चार सामाग्री प्रसारण तथा छपाई (सञ्चार र पँहुच अभियान सञ्चालान) शीर्षक बाट रकम रु. २४९७३०/- काभ्रे प्रिन्टिङ प्रेसलाई भूक्तानी गरिएकोमा खरिद प्रक्रिया कार्यक्रम स्वीकृत - मिति २०७९/१२/२७ मा, दर रेट पेश — २०७९/१२/२७,दररेट स्वीकृत गर्ने- २०७९/१२/२९,कार्यादेश -२०७९/१२/२९र सामग्री दाखिला -२०७९/१२/३० मा भएको छ । सार्वजनिक खरिद ऐन अनुसार नभएको उपयुक्त देखिएन ।

५४.५ ✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट जम्मा रु. ८२,४५८।०० सम्परीक्षण गरिएको ।)*

५४.६ ✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट जम्मा रु. ३८,०००।०० सम्परीक्षण गरिएको ।)*

५४.७ ✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० को निर्णयबाट जम्मा रु. ६,५०,०००।०० सम्परीक्षण गरिएको ।)*

५४.८ पालिकाले नेपाल सरकारसँगको साझेदारीमा प्राप्त रकम स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत पालिकाको प्रशासकीय भवन निर्माण कार्यमा खर्च गरेकोमा तोकिएको अनुपात नमिलाई खर्च गरेकोमा पालिकाले गत विगत आ व मै तोकिएको साझेदारी भन्दा बढी अनुपातमा पालिकाको आन्तरिक श्रोततर्फबाट बढी खर्च भएको जनाएको छ । सम्बन्धित आर्थिक वर्षको खर्च बमोजिम नै साझेदारी व्यहोर्नेतर्फ सम्बन्धित पक्षले पहल गर्नुपर्ने देखिन्छ ।

## ५५ श्रोत सुनिश्चितता

आयोजना सम्पन्न गर्न लाग्ने अवधि समयावधि तथा लागत आधारमा बार्षिक लक्ष्य निर्धाण गरी आवश्यक श्रोतको सुनिश्चितता पश्चात आयोजना सञ्चालन गरिनुपर्दछ । यस कार्यालय अन्तर्गत सञ्चालित अधिकाँश आयोजना सम्पन्न गर्ने अवधि कुल लागत तथा वर्षिक लक्ष्य निर्धारण एंव बजेट विनियोजन बिच सामन्जस्यता रहेको देखिएन । तसर्थ योजना सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा योजनाबाट तोकिएको समयमा अपेक्षित प्रतिफल प्राप्त हुने गरी योजना सञ्चालन गर्ने तर्फ कार्यालयको ध्यान जानु जरुरी देखिन्छ । केही उदाहरण

| वडा कार्यालयहरु | आ व | | | | |
|---|---|---|---|---|---|
| | ७६/७७ | ७७/७८ | ७८/७९ | ७९/८० | जम्मा |
| वडा नं १ | १७४९०३८।०० | ० | ४००००० | ० | २१४९०३८।०० |
| वडा नं २ | २९८९७०७।०० | ० | १०८८७२९ | ० | ४०७८४३६।०० |
| वडा नं ३ | १६६८५६६।०० | ९०००१९ | ० | ० | २५६८५८५।०० |
| वडा नं ४ | १६३१३५२।०० | १३५५४९२ | ४९६१६१ | ९८६३८१ | ४४६९३८६।०० |
| वडा नं ५ | ० | ३०१६६९१ | ९०२६३५ | ६२५६५० | ४५४४९७६।०० |
| वडा नं ६ | २५०००००।०० | ५००००० | ३००००० | ६७८९९९ | ३९७८९९९।०० |
| वडा नं ७ | १७०८४५५।०० | १३०२५८३ | ४८५५५७ | ६२५६५० | ४१२२२४५।०० |
| वडा नं ८ | ० | २९८९७०८ | ० | ६२५६५० | ३६१५३५८।०० |
| वडा नं ९ | ३०४००१८।०० | ० | ० | ६२५६५० | ३६६५६६८।०० |
| वडा नं १० | ३०१२३०७।०० | ० | ० | ९७८१५५ | ३९९०४६२।०० |
| वडा नं ११ | १०६००००।०० | १४९३५२२ | ० | ६२५६५० | ३१७९१७२।०० |
| वडा नं १२ | १७६७९९०।०० | ३०५६६० | ० | ० | २०७३६५०।०० |

## ५६ स्वास्थ्यकर्मी दरवन्दी

पालिकामा आर्थिक वर्ष २०७९।८० मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाए बमोजिम रहेको छ ।

| स्वास्थ्य संस्थाको किसिम | स्वास्थ्य संस्थाको संख्या | दरबन्दी | पदपूर्ती | सेवाग्राहीको संख्या | औषधी वितरण रु |
|---|---|---|---|---|---|
| अस्पताल | १ | ३ | ३ | ३३३० | ६३८९७२९ |
| स्वास्थ्य केन्द्र/चौकी | १४ | ६२ | ५८ | २८०७४ | |
| | | | का.स स्थायी- १का.स करार- ९ | | |

## ५७ अनुदानको अनुगमन

सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।पालिकाले कृषि पकेट कार्यक्रम,कृषि कार्यक्रममा अनुदान दिई रु ३४९३२०० खर्च गरेको छ तर पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन।तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र भुक्तानी दिनु पर्दछ। केहि उदाहरण

| कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | लक्ष्य | प्रगति | अनुदान |
|---|---|---|---|
| पौष्टिक तथा खाद्य सुरक्षा (करेसाबारीको मिनिकिट अनुदान हिउदे/वर्षे) | १४०० | १४०० | ३,००,००० |
| फलफुल बगैचा प्रवर्द्धन कार्यक्रम(ड्राईगनफ्रुट/भुईकटर/किवि/कागति/एभोकार्ड/कफि/सुन्तला) | ४ | ४ | १,६०,००० |
| रैथाने बाली बचाउ कार्यक्रम(घैयाधान\गहत\कोदो\फापर) | १ | १ | २०,००० |
| हिउँदे\ बर्षे फलफुल बगैचा स्थापना बिरुवा अनुदान कार्यक्रम | ४ | ४ | १,८४,००० |
| कृषि तथा जडबुटी खेति प्रबर्धन कार्यक्रम (कुरिलो /चिराईतो/ टिमुर /अमला / सितलचिनी आदि) | ४ | ४ | १,६०,००० |
| घुम्ति प्लान्ट क्लिनिक संचालन | १ | १ | ४,६६,४०० |
| कृषि औजार वितरण | २ | २ | २,००,००० |
| माहुरी विकास कार्यक्रम | १ | १ | ५२,८०० |
| उन्नत\हाइब्रिड बिउ उत्पादन कार्यक्रम (मकै.......लगायत ) | १ | १ | ८०,००० |
| जैविक तरकारी उत्पादन कार्यक्रम (भकारो सुधार, मुत्र संकलन ,जैविक विषादि ऊत्पादन कार्यक्रम) | ४ | ४ | २,००,००० |
| आ.व.२०७८/७९ मा स्थापना भएको तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरता | ३ | ३ | ४,९०,००० |
| आ.व.२०७९/८० मा नयाँ तरकारी बाली पकेट विकास कार्यक्रम सञ्चालन | ३ | ३ | ११,८०,००० |

## ५८ अनुगमन भत्ता

- .......... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२० र २१ को निर्णयबाट जम्मा रु. २८,९००।०० र सम्परीक्षण गरिएको ।*

## ५९ गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम

५९.१ गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष ४ वटा सिपमूलक तालिम सञ्चालन गरी रकम रु ११४९४०० खर्च गरेको देखिएको छ तर उत्पादित सामान वा वस्तुहरु विक्रि गरी राजस्व दाखिला गर्ने तथा विक्रि नभएका सामान तथा वस्तु स्टोर दाखिला गर्ने गरेको नदेखिएकोले पालिकाको यस तर्फ ध्यान जानु जरुरी देखिन्छ ।

५९.२ अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका २०७७ मा एउटा कार्यक्रममा एक व्यक्तिले एकै किसिमको भत्ता पाउने व्यवस्था छ । पालिकाले ७ दिने एडभान्स खाद्य प्रशोधन सिप बिकास तालिममा प्रशिक्षक कमला अधिकारी थापालाई शिक्षण शुल्क दैनिक ३५०० का दरले जम्मा २४५०० दैनिक भ्रमण भत्ता २४०० यातायात खर्च १४०० गरि जम्मा कर कट्टि पछि २४६२५ भुक्तानी भएको देखिएको छ । यसरी एकै समयमा एउटै व्यक्तिलाई दोहोरो भत्ता भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,८०० |

५९.३ अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका २०७७ मा मासिक रुपमा प्रशिक्षक नियुक्ति गर्दा रु २०००० का दरले भत्ता उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ । पालिकाले गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको उद्यमिको स्तरोन्नति आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सिप बिकास तालिम कार्यक्रम अन्तरगत २ महिने एडभान्स ब्युटि पार्लर तालिममा प्रशिक्षक शर्मिला श्रेष्ठलाई २ महिनाको पारिश्रमिक मासिक ३५००० का दरले रु ७०००० कर कट्टि पछि रु ५९५०० भुक्तानि भएको छ । यसरी कार्यविधि विपरित गरेको खर्चले पालिकालाई थप व्ययभार परेको छ ।

## ६० विद्यालय र विधार्थी संख्या

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ६९ | ५६४२ |
| २ | संस्थागत विद्यालय | ३ | ३१४ |
| | **जम्मा** | ७२ | **५९५६** |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ५९५६ रहेकोमा ९४.७३ प्रतिशत सामुदायिक र ५.२७ प्रतिशत विधार्थी संस्थागत विद्यालयमा अध्यनरत रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीलाई ध्यानमा राखी शिक्षा सम्बन्धि निति बनाउनु पर्ने तथा सामुदायिक विद्यालयको शैक्षििक गुणस्तर अभिवृद्धि गर्न पहल गर्नुपर्ने देखिन्छ ।

## ६१ विद्यालय अतिरिक्त क्रियाकलाप

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण तथा अन्य कागजात संलग्न भए नभएको तथा खर्च लेख्र रित पुगे वा नपुगेको जाँच्नु पर्ने व्यवस्था रहेको छ । गाउँपालिका चालुतर्फ गौ.भौ.नं. ४४४।०७९।१२।२८ वाट चम्चा दौड, हिसाव दौड, म्युजिकल चियर लगायतका विद्यालय अतिरिक्त क्रियाकलाप संचालनको खर्च भनी रु१८१३००।०० खर्च भएकोमा उक्त खेलकुदमा नगद पुरस्कार प्राप्त गर्ने ८४ जना विद्यार्थिहरुको भर्पाइ संलग्न भएको पाइएन । साथै खर्च पुष्टाइगर्ने कार्यक्रमका फोटाहरु विद्यालयबाट सहभागि गराएको पत्र पनि संलग्न भएको नपाएकोले उक्त खर्च सम्बन्धी प्रमाण पेश हुनुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८१,३०० |

## ६२ पाठ्यपुस्तक

कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।८०को बुँदा नं ३(१) मा प्रति विद्यार्थी लागत का आधारमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीका लागि निशुल्क पाठ्यपुस्तक अनुदान को व्यवस्था गरेको छ । सोको लागत रकम पाठ्यक्रम विकास केन्द्र को दररेट अनुसार हुने कुरा उल्लेख छ । पालिकाले यस बर्ष जम्मा ३७ वटा विद्यालयलाई कुल रकम रु १९७७९६५ निकासा गरेको देखिएको छ ।सो मध्ये केहि विद्यालयको नमूना परीक्षण गर्दा बढी निकासा भएको देखिएको छ । उक्त विषयमा पालिका स्वयमले नै छानविन गरी बढी निकासा भएको रकम असुल गर्नु पर्ने रु

| क स | विद्यालयको नाम | बढी भुक्तानी रकम |
|---|---|---|
| १ | सरस्वती प्रा वि | १३४४ |
| २ | सत्यकाली प्रावि | १२५७ |
| ६ | मंगलेश्वर प्रावि | १७८४ |
| जम्मा | | ४३८५ |

✍ .......... *(प्रारम्भिक प्रतिवेदन उपर* मिति **२०८१-१-२०** मा **अमरनाथ प्रा वि** को **२,१६६** सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०८१-१-२०** मा **डुम्बर प्रा वि** को **१,०७७** सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०८१-१-२०** मा **ठेराचौर प्रा वि** को **२,३५५** सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०८१-१-२०** मा **ग्रामत्थान प्रा वि** को **५,९२०** सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०८१-१-२०** मा **गणेश प्रा वि** को **२,१७२** सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको मिति **२०८१-१-२०** मा **भुसुनेकाली प्रा वि** को **२,३४१** सम्परीक्षण मनासिब देखि फस्र्यौट गरिएको

मिति **२०८१-१-२०** मा **विद्याविकास प्रा वि** को **२,५९३** सम्परीक्षण मनासिब देखि फस्यौंट गरिएको मिति **२०८१-१-२०** मा **मंगल जनविजय मा वि** को **८,९९०** *असुल भई प्रमाण पेश भएको आधारमा रु. २७,६१४/०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,३८५ |

६३ संस्थागत विद्यालयको छात्रवृत्ति

पालिका भित्रका संस्थागत विद्यालयले कुल विद्यार्थीको १० प्रतिशत छात्रवृत्ति विपन्न एवं सिमान्तकृत विद्यार्थीलाई उपलब्ध गराउनु पर्ने व्यवस्था छ । साथै छात्रवृत्ति उपलब्ध गराएका विद्यार्थीहरुको नाम, थर, कक्षा तथा निजको बाबु आमाको नाम, थर, वतन सहितको विवरण विद्यालयले विद्यालयको सूचना पाटी टाँस गर्ने एवं विद्यालयको वेभसाइट भएमा त्यसमा राखी सार्वजनिक गर्नुपर्ने उल्लेख छ । साथै त्यस्तो विवरण शिक्षा शाखामा समेत पठाउनु पर्ने व्यवस्था छ ।

• पालिकाले तयार पारेको शैक्षिक सत्र २०७९ को विवरण अनुसार संस्थागत विद्यालयमा अध्यनरत विधार्थी संख्या निम्नानुसार छन् ।

| क्र.सं. | विद्यालय | विधार्थी संख्या | छात्रवृत्ति प्राप्त गर्नुपर्ने विद्यार्थी संख्या |
|---|---|---|---|
| १ | प्रगतिकिरण अग्रेजी | ३०९ | ३१ |
| २ | मिडल्याण्ड | ११३ | १२ |
| जम्मा | | ४२२ | ४३ |

अतः संस्थागत विद्यालयले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गरेको सुनिश्चित हुने कुनै आधार प्राप्त हुन नसकेको हुँदा यस तर्फ पालिकाको थप ध्यान दिनुपर्ने देखिन्छ ।

६४ शैक्षिक गुणस्तर

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०७९ सालको एस.ई.ई. परीक्षामा सहभागी विधार्थी को परीक्षाको नतिजाका आधारमा सामुदायिक र संस्थागत विद्यालयको तुलना देहाय बमोजिम रहेको छ ।

| क्र.स. | जिपिए | जम्मा विधार्थी | उत्तिर्ण विधार्थी संख्या | | उत्तिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१ - ४.०० | १ | ० | १ | ० | १०० |
| २ | ३.२१ - ३.६० | १६ | ७ | ९ | ४३.७५ | ५६.२५ |

उल्लेखित तालिका अनुसार ३.६१ - ४.०० जिपिए ल्याउने १ विधार्थी मध्ये १ जना, ३.२१ - ३.६० जिपिए ल्याउने १६ विधार्थी मध्ये ९ जना मात्र सामुदायिक विद्यालयबाट उत्तिर्ण भएको देखिन्छ । जसअनुसार उच्च जिपिए ल्याउने विद्यार्थी सामुदायिक विद्यालयमा न्यून देखिएकाले सामुदायिक शिक्षा/विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

## ६५ प्रति विद्यार्थी लागत

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| संघीय सरकारबाट हस्तान्तरित | २३७१११००० | २२३६१९४२० | ५९५० | ४३६१३ |
| प्रदेश सरकारबाट हस्तान्तरित | ११३६००० | ११३६००० | | |
| स्थानीय तहको बजेट | ३९५६०००० | ३४७४४५२५ | | |
| जम्मा | २७७८०७००० | २५९४९९९४५ | | |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु ४३६१३ रहेको छ ।

## ६६ सेनेटरी प्याड

सेनेटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि, २०७६ को अनुसुची १ मा यस कार्यक्रम अन्तर्गत विद्यालयमा वितरण गरिने सेनेटरी प्याडको न्युनतम मापदण्ड उल्लेख गरिएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० अनुसार पालिकाले यस वर्ष सशर्त अनुदान अन्तर्गत सामुदायिक विद्यालयका कक्षा ६ देखि १० सम्मका छात्राहरु तथा आवश्यकतानुसार अन्य कक्षाका छात्रालाई व्यवस्थापनको लागि निशुल्क सेनेटरी प्याड Merigold International Pvt. Ltd. बाट खरिद गरी २२ वटा विद्यालयका १७२० जना छात्रालाई जम्मा रु १५६७४०० भुक्तानी दिएको छ । वितरित प्याड तोकिएको मापदण्ड बमोजिम भए नभएको सम्बन्धमा यकिन गरिएको प्रमाण नदेखिएकाले यसमा सुधार हुनुपर्ने देखिन्छ ।

## ६७ अनुगमन तथा भ्रमण खर्च

भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च गर्नुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ ।यसवर्ष पालिकाले उपलव्ध गराएको विवरण अनुसार अनुगमन मूल्याङकन वापत २३८९७१० ,भ्रमण खर्च २१००० ,अन्य भ्रमण खर्च ४००००० गरी जम्मा रु २८१०७१० खर्च भएको देखिएको छ ।भ्रमण खर्च सम्वन्धी केही भौचर नमूना परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन।भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च गर्ने

परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन।

• अधिकांश भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थालाई नियन्त्रण गर्ने तर्फ भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

६८ **निष्क्रिय खाता**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२१ को निर्णयबाट जम्मा रु. ५,३२,६९०।०० सम्परीक्षण गरिएको ।)*

६९ **लाभग्राही संख्या**

नेपाल सरकारको नियमानुसार आ व २०७९।८० मा यस पालिका भित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जम्मा ३६९७जना लाभग्राहीहरुलाई रु.१४,६४,३२,४७४।०० रकम वितरण गरेको छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जनसंख्या कुल जनसंख्याको १५.६९ प्रतिशत रहेको छ ।

| नगरपालिकाको जनसंख्या २०७८ को जनगणना अनुसार | लाभग्राही संख्या | लाभग्रही प्रतिशत | सामाजिक सुरक्षा रकम |
|---|---|---|---|
| २३५५१ | ३६९७ | १५.६९ | १४६४३२४७४ |

पालिकाले आफ्नो क्षेत्रभित्रका लाभग्राहीको विवरण सधैं अद्यावधिक राखी आफ्नो आय समेतको विश्लेषण गरी समग्र जनसंख्याको हीतका निम्ति निति निर्माण गर्नुपर्दछ ।

७० **कर संकलन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष आन्तरिक आयको अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ९०००००. | ७१८०६२.२१ | ७९.७८ |
| ११३१४ भुमिकर/मालपोत | ४०००००. | ४४४४६७.६२ | १११.१२ |
| ११३२१ वहाल कर | १०००००. | २४६०२१. | २४६.०२ |
| ११३२२ वहाल विटौरी कर | ५०,०००.०० | १२६०००. | २५२ |
| ११६९१ अन्य कर | ० | ८००. | |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | ५०००००. | ६३८२७८. | १२७.६६ |
| १४२२१ न्यायिक दस्तूर | ० | ८००. | |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ६०००००. | २५४११७७.२ | ४२३.५३ |
| १४२४२ नक्सापास दस्तुर | १९८०००. | ३१,६९५.०० | १६.०१ |
| १४२४३ सिफारिश दस्तुर | १६०००००. | १६२४०११.९६ | १०१.५ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००००. | ३८५१२१. | ७७.०२ |
| १४२४५ नाता प्रमाणित दस्तुर | ५०००००. | १२८९१८. | २५.७८ |
| १४२४९ अन्य दस्तुर | ० | ७६८६८९.३५ | |
| १४३१३ धरौटी सदरस्याहा | ० | ० | ० |
| १४५२९ अन्य राजस्व | १००००००. | ९३७९७६. | ९३.८ |
| १४६११ व्यवसाय कर | ६०००००. | ७०९२७८. | ११८.२१ |
| १५१११ बेरूजू | २०००००. | २४१७०७. | १२०.८५ |
| जम्मा | ७१४८००० | ९५४३००२ | १३३।५० |

आय संकलनका सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन्

• उपरोक्त विवरण अनुसार शिर्षकगत रुपमा विश्लेषण गर्दा पालिकाले यस वर्ष अनुमानको तुलनामा सवैभन्दा बढी अन्य प्रशासनिक सेवा शुल्कमा ४२३.५३ प्रतिशत र सवैभन्दा कम नक्सापास दस्तुरमा १६.०१ संकलन गरेको देखिन्छ । यसवाट आय अनुमान गर्ने आधार तथ्याकंपरक र यथार्थपरक रहेको देखिएन । अतः पालिकाले गत विगत वर्षको तथ्याकं, नयाँ तथा ठुला करदाताको पहिचान गर्दै तिनिहरुलाई पनि करको दायरामा ल्याई करदाता अभिलेख अद्यावधिक गरी चालु आर्थिक वर्षमा प्राप्त गर्न सकिने आयको यथार्थपरक अनुमान गर्दै संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउन आन्तरीक आयको हिस्सा वढाउने तर्फ ध्यान दिनुपर्दछ ।

• पालिका तथा वडावाट संकलित राजश्व नियमानुसार समयमा नै दाखिला गर्नुपर्नेमा एक महिनाको एकमुष्ट दाखिला गरेको समेत पाइयो अत नियममा भएको व्यवस्था वमोजिम समयमा नै दाखिला गर्ने व्यवस्था गर्नुपर्दछ ।

पालिकामा राजश्व संकलनको रसिद नियन्त्रण खाताको व्यवस्था गरेता पनि खातामा रसिदको व्यवस्थित ढंगले अद्यावधिक विवरण राखेको पाइएन त्यस्तै आर्थिक वर्षको अन्तमा सवै रसिद फिर्ता नभई त्यसबाटै सुरु गर्ने भएको हुदाँ के कति रसिद खपत भयो के कति रसिद वांकी छ भन्ने यकिन गर्न सकिएन ।अतः पालिकाले रसिद नियन्त्रण खातामा रसिदको आम्दनी

तथा खर्चको व्यवस्थित अभिलेख राखी आय संकलन, लेखांकन तथा प्रतिवेदन प्रणालीलाई थप पारदर्शी तथा सुदृढ गरी आय व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ ।

### ७१ दहत्तर बहत्तर शुल्क

पालिकाले आ.व ०७९।०८० का लागि मिति २०७९।२।२५ मा सुचना प्रकाशन गरी पालिका क्षेत्रमा उत्पादन गरिएका रोडा,ढुङ्गा, बालुवा,ग्रावेल र माटो आदि विक्रि तथा निकासी शुल्क दस्तुर संकलनका लागि वोलपत्र आव्हान गरेको छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्न छन

• पालिकाले सुचना प्रकासन गर्दा न्युनतम ठेक्का मुल्य मु.अ.कर बाहेक रु६८८३६७२९।६० तोकेकोमा त्यसको लागि अनुमानित क्षेत्र निम्न रहेको छ ।

| सि न | उत्खनन संकलन क्षेत्रको विवरण | घ फि | दर | रकम रु |
|---|---|---|---|---|
| १ | पलाञ्चोक भगवती वालुवा तथा ढुँगा उद्योग प्रा लि को निजिखानीबाट उत्पादन हुने निर्माणमुखी खनिज ढुंगा | २०००३७६ | ६ | १२००२२५६ |
| २ | सुप्रिम स्टोन प्रालिको निजिखानीबाट उत्पादन हुने निर्माणमुखी खनिज ढुंगा | २१४३२६० | ६ | १२८५९५६० |
| ३ | नाङ्गशाल ढुँगा रोडा उद्धोगको निजिखानीबाट उत्पादन हुने निर्माणमुखी खनिज ढुंगा | ५३३४३३ | ६ | ३२००६०१।६० |
| ४ | भ्याकुरे खोलाबाट उत्खनन हुने रोडा ढुंगा वालुवा ग्राभेल | ७०९१२८ | ९ | ६३८२१५२ |
| ५ | सुर्य वहादुर तामाङ निजिखानीबाट उत्पादन हुने निर्माणमुखी खनिज ढुंगा | १४२८८४० | ६ | ८५७३०४० |
| ६ | एस एम बालुवा रोडा उद्योग | २१४३२६० | ६ | १२८५९५६० |
| ७ | जय नेपाल सप्लायर्स | २१४३२६० | ६ | १२८५९५६० |
| ८ | माटो | २००००० | ०।५० | १००००० |
| | जम्मा | | | ६८८३६७२९।६० |

• सुचना वमोजिम राहुल कन्स्ट्रक्सन र विजय/एस जेभिले वोलपत्र खरिद गरेपनि राहुल कन्स्ट्रक्सनले withdrawn गरेकोले विजय/यु एण्ड एस जे भिलाई भ्याट सहित रु७९६६५०००।०० मा ठेक्का परेको देखिन्छ । विजय/यु एण्ड एस जेभि संग भएको सम्झौता वमोजिम कुल कवोल अंकको ४०%, ३०% र ३०% क्रमश सम्झौता अगाडी, मंसीर मसान्त र चैत्र मसान्त सम्म दाखिला गर्नुपर्नेमा अन्तिम किस्ता वुझाउने म्याद कार्यपालिकाले वैशाख मसान्त सम्म थप गरेता पनि अन्तिम किस्ता वापतको रकम रु २३८९९५००।००समयमा दाखिला नगरेकोले पालिकाले २०२३।०६।२५ अर्थात असार १० मा वैंक जमानत जफत गरी आम्दानी गरेको छ ।

• माथिको तालिका अनुसार भ्याकुरे खोलाको मात्र IEE प्रतिवेदन पालिकाको २०७८ भाद्र १६ को कार्यपालिकाको निर्णय ८ वाट स्विकृत भएको देखिन्छ भने अन्यको IEE प्रतिवेदन प्राप्त भएन । IEE ले भ्याकुरे वगर उत्खनन् क्षेत्रको उतखन गर्न सकिने परिणाम ६०३०० घ मि अनुमान गरेको छ भने ठेक्कामा २०१०० घ मि को हिसाव गरिएको छ । त्यस्तै पालिकाले

आय ठेक्कामा विभिन्न खानीको पनि उत्खनन परिणामको अनुमान गरी ठेक्का लगाएकोमा खानिहरुले प्रचलित नियम वमोजिम रोयल्टि शुल्क वुझाएको/नवुझाएको सम्वन्धमा यकिन गर्न सकिएन । पालिकाले त्यस्ता खानिहरुको प्रचलित नियम वमोजिम रोयल्टि सम्वन्धमा यकिन गरी पालिकाको आय अभिवृद्धि गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

• ढुँङ्गा,गिट्टी मापदण्ड २०७७ को दफा ९ मा नदीजन्य पदार्थको उत्खनन्, संकलन र विक्री सम्वन्धि प्रकियाको अनुगमन सम्बन्धि व्यवस्था बमोजिम चेक लिष्ट तयार गरी नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै गरेर पालिकाको प्रारम्भिक वातावरणिय परिक्षण प्रतिवेदनको अध्याय १०.२ मा पालिकाले प्रत्येक वर्ष वर्षायाम सकिएपछि थुप्रिएको ढुंगा,गिट्टी,वालुवाको परिणाम नापजाचँ अभिलेख राख्ने तथा ठेक्का सम्झौतामा उल्लेख भएको परिमाण, स्थान आदिको नियमित अनुगमन गर्नुपर्ने उल्लेख भएता पनि पालिकाले सो वमोजिम गरेको पाइएन । अत नियममा भएको व्यवस्था वमोजिम वातावरणीय अवस्थाका सम्वन्धमा चेक लिष्ट तयार गरी नियमित अनुगमन गर्नुपर्दछ ।

### ७२ वोधिचित्त फलदाना (माला)

पालिकाले बोधिचित्त फलदानाको विक्रि वितरणको सहजिकरण शुल्क भनेर ५ प्रतिशत लिने गरेको पाइयो । बुद्धचित्त फलदानाको परिमाण वा गुणस्तरको आधारमा नभै स्वघोषणा वा सम्झौताका आधारमा ५ प्रतिशत सहजीकरण शुल्क लिने गरेको देखियो । पालिकाले उपलव्ध गराएको विवरण अनुसार मिति २०७९।३।२२ मा वडा ५ मा वुद्धचित्तको फलदाना विक्रि वितरणका लागि दुइ पक्ष सहमत भै २२०००००।०० निर्धारण गरी सहजिकरण शुल्क तिरेकोमा उक्त कार्यमा मुद्धा परी पुनः वोलकवोलबाट १ करोड भन्दा वढी कवोल गर्ने आर्यन खतिवडाले 21 July 2022 मा पालिकाको धरौटी खातामा रकम रु१०१०१०००।०० जम्मा गरी 23 June 2023 मा विविध खातामा ट्रान्सफर गरेको देखिन्छ । उक्त रकम पालिकाको ०८०।०३।०६ को टिप्पणी अनुसार अदालतको फैसला बमोजिम भनि माग दाबि गर्ने आइति सि थिङ र धावा तामाङलाई प्रति व्यक्ति रु५०५०५००।००का दरले विविध खर्च खाता गौ.भौ.नं ७।२०८०।०३।०८ बाट भुक्तानी गरेको देखिन्छ । अतः वुद्धचित्तको फलदानाको विक्रि वितरणलाई व्यवस्थित बनाउन उचित मापदण्ड बनाउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । आन्तरीक आयको राम्रो स्रोत हुन सक्ने देखिएको बोधिचित्तको विक्रि वितरणलाई थप व्यवस्थित गर्न सके पालिकाको आन्तरीक आयमा उल्लेखनिय वृद्धि हुन सक्ने देखिन्छ ।

अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक , रोशी गाउँपालिका , काभ्रेपलाञ्चोक

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राम बहादुर तामाङ | २०७८-९-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सुमित्रा पौडेल | २०७५-१२-७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १०,३५९,२९६ | ३,४२४,५५८ | २,८२७,७९५ | ० | ० | ६,०१४,१८६ |
| प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु. | | | | | २२,६२५,८३५ |
| प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु. | | | | | १८,५४९,२५७ |
| संपरीक्षणबाट थप भएको बेरुजू रु. | | | | | ० |
| लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु. | | | | | ४,०७६,५७८ |

*स्थानीय तह :*

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १७००४९३८० | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३१३०७०२३ | **चालु खर्च** | ४३८३९२३५१ |
| **प्रदेश सरकारबाट अनुदान** | ५९५७६३१७ | **पूँजीगत खर्च** | २७८१८७१४७ |
| **राजश्व बाँडफाँट** | १३४९५६०३८ | **वित्तीय/अन्य व्यवस्था** | २०४२४३५०५ |
| **आन्तरिक आय** | ३०९२५२५९ | | |
| **अन्य आय** | २४७५५९५५० | | |
| **कुल आय** | ९०४३२४१८७ | **कुल खर्च** | ९२०८२३००३ |
| **बाँकी मौज्दात** | | १५३५५०५६४ | |